# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(योजना तथा बजेट शाखा)

प.सं. : २०७७/०७८ (योजना)
च.नं. : 2SSC

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल।

मिति : २०७७/११/२३

श्री वडा कार्यालयहरु सबै (१-१९),
धनगढी उप-महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
धनगढी, कैलाली।

**विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिका बैठकको मिति २०७७/१०/१९ गतेको निर्णय नं. १० र नगरस्तरीय अनुगमन तथा मूल्यांकन समितिको मिति २०७७/११/१४ गतेको बैठकको निर्णय नं. २ बमोजिम **यस उप-महानगरपालिकको बार्षिक खरिद पुस्तिका अनुसार स्वीकृत भई कार्यान्वयनमा रहेका सबै प्रकारका (ठेक्का, उपभोक्ता, कोटेसन लगायत अन्य खरिद विधिबाट संचालित) योजनाहरुको भुक्तानी (अन्तिम विल र रनिङ विल दुवै) गर्दा योजना कार्यान्वयन हुने सम्बन्धित वडा कार्यालयको कार्य प्रगति बमोजिमको भुक्तानी सिफारिस पत्र अनिवार्य रुपमा संलग्न भएपछि मात्र भुक्तानी गर्न हुन आर्थिक प्रशासन शाखालाई निर्देशन दिने** निर्णय कार्यान्वयनका लागि सबै प्रकारका खरिद विधिबाट संचालित योजना / कार्यक्रमको भुक्तानी गर्दा सम्बन्धित वडा कार्यालयको भुक्तानी सिफारिस पत्र र अन्तिम बिलको हकमा सार्वजनिक परिक्षण प्रतिवेदन समेत राखी अनिवार्य रुपमा सिफारिस पत्र प्रेषित गर्न हुन जानकारीका लागि अनुरोध छ।

**पुनश्च : निर्णयको छायाप्रति यसै पत्रसाथ संलग्न गरिएको छ।**

२०७७/११/२३

( सत्यराज जोशी )
योजना तथा बजेट शाखा प्रमुख

**सत्य राज जोशी**
**योजना अधिकृत**

**बोधार्थ:**

**श्री नगर प्रमुख ज्यूको सचिवालय,**
धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली।

**श्री नगर उप-प्रमुख ज्यूको सचिवालय,**
धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली।

**श्री आर्थिक प्रशासन शाखा :** जानकारीका लागि।

**श्री सूचना प्रविधि शाखा :** पत्रलाई सबै वडा कार्यालयहरुमा **'Email'** गर्न हुन साथै **Website** मा समेत **Upload** गर्न हुन।

**सम्पर्क नं. : ०९१-५२५५१९, इमेल ठेगाना :** yojana.dhangadhi@gmail.com
**नगर प्रमख सचिवालय : ५२१७४३ नगर उप-प्रमख सचिवालय : ५२०८७४ प्र.प्र.अ. कार्यकक्ष : ५२०४२९**

आज मिति २०७७/११/१४ गते शुक्रबारका दिन नगरस्तरीय अनुगमन तथा मूल्यांकन समितिको बैठक समितिका संयोजक श्री सुशिला मिश्र भट्ट ज्यूको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| संयोजक (नगर उप-प्रमुख) | –श्रीमती सुशिला मिश्र (भट्ट) |
| सदस्य (प्रमुख प्रशासकीय अधिकृत) | –श्री हरि बहादुर चन्द |
| सदस्य (कार्यपालिका सदस्य) | –श्रीमती यशोदा भण्डारी |
| सदस्य (कार्यपालिका सदस्य) | –श्री प्रेम सिंह विश्वकर्मा |
| सदस्य (शहरी विकास तथा पूर्वाधार शाखा) | –श्री दिज राज भट्ट |
| सदस्य-सचिव (योजना तथा अनुगमन शाखा) | –श्री सत्य राज जोशी |
| ना.सु. (योजना तथा अनुगमन शाखा) | – श्री प्रविना गैरे |
| माइन्युट लेखन (योजना तथा अनुगमन शाखा) | – हिमालय कुमार उपाध्याय |

**निर्णय नं १:**

यस धनगढी उप-महानगरपालिकाको अधिकार, कर्तव्य र दायित्व सिर्जित क्षेत्रभित्र सञ्चालन भएका/भइरहेका तथा सबै विषयगत तथा क्षेत्रगत योजना/परियोजना/कार्यक्रमहरूको निर्धारित गुणस्तर, मापदण्ड र समय सिमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले भविष्यमा पार्न सक्ने प्रभावका बारेमा लेखाजोखा गरी समयमै क्षती न्यूनिकरण पूर्व तयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तव्यनिष्ठ बनाउन, आर्थिक अनुशासन र वित्तीय पारदर्शिता कायम राख्दै बढीभन्दा बढी लागत प्रभावकारिता (Best Value for Money) कायम गर्न, सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमहरुलाई अधिकतम नतिजामुखी (Result Oriented) बनाउने हेतुले धनगढी उप-महानगरपालिकाको योजना अनुगमन तथा मूल्यांकन सम्बन्धि कार्यविधि, २०७६ को परिच्छेद २ को दफा ३ (१) बमोजिम गठित नगरस्तरीय अनुगमन तथा मूल्यांकन समितिका सदस्यहरुले प्रत्येक हप्ताको शुक्रबार वा आईतबार अनिवार्य रुपमा बैठक बसी बैठकमा छलफल भएका विषयउपर अनिवार्य रुपमा माइन्युटिङ गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस उप-महानगरपालिकको बार्षिक खरिद पुस्तिका अनुसार स्वीकृत भई कार्यान्वयनमा रहेका सबै प्रकारका (ठेक्का, उपभोक्ता, कोटेसन लगायत अन्य खरिद विधिबाट संचालित) योजनाहरुको भुक्तानी (अन्तिम विल र रनिङ् विल दुवै) गर्दा योजना कार्यान्वयन हुने सम्बन्धित वडा कार्यालयको भुक्तानी सिफारिस पत्र अनिवार्य रुपमा संलग्न भएपछि मात्र भुक्तानी गर्न हन आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै, अन्तिम किस्ता भुक्तानीको हकमा वडास्तरीय सार्वजनिक परीक्षण गरी सो को प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :**

यस आर्थिक वर्षमा संचालित सबै योजनाहरुको स्थलगत अवलोकन भ्रमण गरी ती आयोजनाहरुको कार्यान्वयनसँग प्रत्यक्ष रुपमा सम्बन्धित आयोजना प्रमुख, वडा अध्यक्ष लगायत अन्य वडा जनप्रतिनिधि, उपभोक्ता समिति अध्यक्ष, ठेकेदार, परामर्शदाता एवं अन्य इन्जिनियर कर्मचारीहरु समेत सम्बन्धित कार्यस्थलमै सम्पर्क गरी अन्तरक्रिया, प्रश्नोत्तर, चेकजाँच र अवलोकनको माध्यमबाट आयोजनाको प्रगतिका सम्बन्धमा आवश्यक जानकारी लिने, कार्यान्वयनका क्रममा केही समस्याहरु देखिए सोको समाधानका लागि योजना कार्यान्वयन स्थलमै तत्काल नै सुझाव दिने प्रयोजनार्थ अनुगमन हाते पुस्तिका छाप्ने निर्णय गरियो । साथै, सो कार्यको लागि यसै आर्थिक वर्षमा संचालन हुने योजनाहरुको "Contingency" रकमबाट खर्चश्रोत व्ययभार हुने गरी अनुगमन हाते पुस्तिका छपाईमा लैजाने निर्णय गरियो ।

(ञ) धनगढी उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा दिवाखाजा सम्बन्धि कार्यविधी, २०७७

निर्णय नं. ९ यस धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक प्रत्येक महिनाको १५ र २८ गते दुई पटक बस्ने निर्णय गरियो।

निर्णय नं. १० आगामी फागुन २१ गते यस धनगढी उपमहानगरपालिकाको हिँउदे अधिवेशन (नगरशभा) तपसिलका एजेण्डामा छलफल गर्न बैठक बोलाउने निर्णय गरियो।

तपसिल

(क) ऐन तथा कार्यविधी स्वीकृत गर्ने।

(ख) योजना परिवर्तन सम्बन्धमा।

(ग) संघ र प्रदेशमा सिफारिस भएका र गर्नुपर्ने योजनाहरुको सम्बन्धमा।

(घ) विविध

निर्णय नं. १० यस धनगढी उपमहानगरपालिकाका विभिन्न वडाहरुमा ठेक्का पट्टाको माध्यमबाट संचालन हुने योजनाहरुको अन्तिम भुक्तानी गर्दा वडा तथा नगर अनुगमन तथा मूल्याङ्कन समितिको अनुगमन र सार्वजनिक परीक्षण अनिवार्य रुपमा गर्नुपर्ने निर्णय गरियो।

निर्णय नं. ११ राष्ट्रपती शैक्षिक सुधार कार्यक्रमको धनगढी उपमहानगरपालिकाको युवा खेलकुद तथा शिक्षा शाखाबाट पेश हुन आएको प्राथमिकिकरण प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १२ धनगढी उपमहानगरपालिकाबाट वडा नं. ४ स्थित उपमहानगरपालिकाबाट सन्चालनमा रहेको पुरानो बसपार्कमा यातायातका साधनहरुको चाप बढी भई पार्किङ्का लागि ठाउँ अभाव हुन गई सवारीसाधनहरु सडककै छेउछाउमा पार्किङ्ग गर्दा आवतजावत गर्नमा निकै समस्या भई दुर्घटना हुने सम्भावना दिनप्रतिदिन बढिरहेको साथै बसपार्कको क्षमता बढाउनका लागि थप स्थान आवश्यक पर्ने देखिएको साथै बस ब्यवसायी कम्पनीहरुबाट पार्कीङ्गका लागि जग्गा व्यवस्था गरिदिन हुन भनी माग भईआएको सन्दर्भमा वसपार्क संग जोडिएका पहुँच मार्ग भएको अन्दाजी १० कठ्ठा जमिन पार्किङ्गका लागि लिजमा लिन सूचना प्रकाशित गर्ने निर्णय गरियो।

निर्णय नं. १३ यस धनगढी उपमहानगरपालिका वडा नं. १ मा रहेको ईयरक्राफ्ट म्युजियम हाल रहेको स्थानबाट तत्कालन सार्नु पर्ने अवस्था रहेकोले सोका लागि धनगढी स्थित दशरथ भिम उद्यानमा सार्नका लागि दशरथ भिम उद्यान सन्चालन गर्न अनुमती पाएका स्वार कन्सट्रक्सन, ईयरक्राफ्ट म्युजियमका सन्चालक र धनगढी उपमहानगरपालिका समेत त्रिपक्षिय सहमती गरि स्थापन गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. १४. यस धनगढी उपमहानगरपालिकालाई संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत स्वास्थ्य तर्फको स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने पुजिगत खर्चका लागि प्राप्त बजेटबाट बच्न जाने रकम कोषबाट वडा नं. १ मा स्वास्थ्य केन्द्रको भवन निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. १५. यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र ई रिक्सा को चाप दिनप्रतिदिन बढ्न गई दुर्घटना बढ्नुको साथै आवागमनमा समेत असहज परिस्थिती निर्माण भएकोले अब उप्रान्त नयाँ अटो रिक्सा दर्ता नगरी दिनहुन यातायात व्यवस्था कार्यालय धनगढी, कैलालीलाई अनुरोध गरि पठाउने निर्णय गरियो।

निर्णय नं. १६. यस धनगढी उपमहानगरपालिका अन्तर्गत ऐलानी / प्रति जग्गामा विभिन्न प्रकारका व्यवसायहरु गरि रहेका व्यवसायीहरु व्यवसाय दर्ता गर्ने निर्णय गरियो।